# राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरुले पालना गर्नुपर्ने

# आचारसंहिता - २०८०

**जारी मितिः २०८०/०३/१०**

**प्रस्तावनाः**

मानव अधिकारको संरक्षण,सम्बर्धन र प्रभावकारी कार्यान्वयनका सम्बन्धमा नेपाली नागरिकले राष्ट्रिय मानव अधिकार आयोगबाट अपेक्षा गरेको निष्पक्षता ,पारदर्शिता तथा प्रभावकारी एवं गुणात्मक निर्णय प्रक्रिया जस्ता कुरालाई मनन् गर्दै आयोगका सदस्यहरुले आयोगको काम कारवाहीलाई अझ सुदृढ पारदर्शी र परिणाममुखी बनाउन आयोगका सदस्यहरुको नैतिक आचरण उच्च हुनु पर्ने कुरालाई महसुस गर्दै,

आयोगका सदस्यहरुले आफ्नो कार्यभार ग्रहण गर्नु अघि लिएको सपथमा आफ्नो पदको जिम्मेवार र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारी साथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानुनको पालना गर्दा वाहेक पदमा वहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन भनी प्रकट गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै,

सन् १९९३ को पेरिस सिद्धान्त, नेपालको संविधान र प्रचलित कानून समेतलाई मध्यनजर गर्दै मानव अधिकार सम्बन्धी विश्वव्यापी सर्वमान्य सिद्धान्तहरु मूल्यमान्यता र प्रचलन अनुसार आयोगको काम कारवाही गर्ने गराउने र सम्पूर्ण सदस्यहरुले यो आचारसंहिता पालना गर्ने अभिलाषाबाट प्रेरित भई राष्ट्रिय मानव अधिकार आयोगले यो आचारसंहिता बनाई लागू गरेको छ।

## भाग -१

### १. उद्देश्यहरुः

१.१ सदस्यहरुलाई व्यवसायिक आचरणको बारेमा मार्गदर्शन गर्ने तथा आयोगको गरिमालाई उच्च राख्न सदस्यहरुको आचरणलाई व्यवस्थित एवं मर्यादित बनाउने ।

१.२ आयोगको काम कारवाहीको सिलसिलामा सदस्यहरुको सम्पूर्ण व्यवहार, कार्यप्रणाली तथा निर्णयमा नैतिक सिद्धान्त तथा मूल्य र मान्यता प्रतिविम्वित गर्न गराउन प्रोत्साहित गर्ने ।

१.३ आयोगको संस्थागत क्षमता अभिवृद्धि, सेवामा इमान्दारी तथा मानव अधिकारका सिद्धान्त तथा मूल्य मान्यताप्रतिको आस्थालाई अभिवृद्धि गर्ने ।

## भाग -२

### २. आचरणका सिद्धान्तहरुः

२.१ मानव अधिकारप्रति प्रतिवद्धता

सम्पूर्ण सदस्यहरुले आफ्नो कार्य र व्यवहारद्वारा संविधान/प्रचलित नेपाल कानून र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धिहरुमा व्यवस्था भएका प्रावधानहरु, त्यसमा अन्तर्निहित मानव अधिकार तथा मानवीय कानूनका सिद्धान्त तथा मूल्य मान्यताको सम्मान गर्नुपर्नेछ । त्यस्ता व्यवस्थाहरुमा अन्तर्निहित स्वभाविक अर्थलाई तोडमोड गरी प्रयोग गर्न गराउन पाइने छैन ।

२.२ निष्पक्षता र तटस्थता

सदस्यहरुले आयोगका काम कारवाहीहरु पारदर्शी र निष्पक्षरुपले सम्पन्न गरिने कुरालाई सुनिश्चितता गर्नु पर्दछ ।मानव अधिकार सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने कुरामा जस्तोसुकै परिस्थितिमा पनि आयोगका सदस्यहरु दृढसंकल्पित रहनु पर्नेछ। अनुचित प्रभावबाट स्वतन्त्र एवम मुक्त रही उजुरीको सुनुवाई प्रक्रियाको बारेमा सबै पक्षलाई जानकारी गर्ने गराउने कुरा सुनिश्चित गर्दै निर्णयमा स्पष्टता एवम पारदर्शितामा विशेष ध्यान दिनु पर्दछ ।

२.३ समयको पालना

सदस्यहरु आयोगको कामसँग सम्बन्धित प्रतिवद्धता समयमा नै पूरा गर्ने कुरामा लगनशील हुनु पर्दछ। आयोगलाई प्राप्त अर्धन्यायिक अधिकारमार्फत समयमा नै न्याय प्रदान गर्न क्रियाशील रहनु पर्दछ.

२.४ गुणस्तर र एकरुपता

क. आयोगका निर्णयहरु मानव अधिकारको सर्वव्यापी सिद्धान्त र अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुकूल छन् भन्ने कुराको सुनिश्चित गर्नका लागि सदस्यहरुले अन्तर्राष्ट्रिय दस्तावेजहरुको जानकारी राख्न हरतरहले प्रयत्नशील रहनु पर्दछ।

ख. सदस्यहरुले निर्णय प्रक्रियामा एकरुपताको महत्वलाई सधैं ख्याल राख्नु पर्दछ । तर निष्पक्ष निर्णयमा वाधा पुग्न भने दिनु हुदैन।आयोगका काम कारवाही तथा गुणस्तरमा अभिवृद्धि गर्ने सन्दर्भमा सदस्यहरुले उचित कारण दिएर परिमार्जन गर्न सक्नेछ ।

२.५ विशेषज्ञता

क. व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय जनजीवनमा महत्वपूर्ण प्रभाव पार्ने मानव अधिकारसँग सम्वद्ध विषयमा निर्णय गर्नका लागि आयोगका सदस्यहरुलाई संवैधानिक कार्यादेश प्राप्त छ । यसकारण आफ्नो व्यवसायिक दक्षता अभिवृद्धि गर्ने न्यायिक एवम कार्याविधिगत कानूनी प्रक्रिया एवम विषयहरु, सर्वोच्च अदालतबाट प्रतिपादित सम्वद्ध नजीर तथा सिद्धान्तहरुको साथै आयोगका क्रियाकलाप र गतिविधि सम्बन्धी ज्ञान हासिल गर्न सदा तत्पर रही आफ्नो दक्षता अभिवृद्धि गर्नमा प्रयत्नशील रहनु पर्दछ।

ख. हरेक सदस्यले निर्णय प्रक्रिया तथा लेखनशीपको उच्च स्तर कायम राख्नु जरुरी हुन्छ । यसको अतिरिक्त मानव अधिकार कानूनको विषयमा ज्ञान हासिल गर्नुका साथै मानव अधिकारका प्रचलित

सवालहरु प्रचलनको स्थिति तथा न्यायिक निर्णयहरुका सम्बन्धमा जानकारी  लिनका लागि पहल गर्नु पर्दछ ।

ग. मानव अधिकारका क्षेत्रहरु निरन्तर रुपमा तीव्र गतिले विस्तार भइरहेको परिप्रेक्ष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भइरहेका विकाससँगै आफूलाई अद्यावधिक गराई राख्नु पर्दछ ।

घ. आयोगका तर्फबाट विदेश र स्वदेशमा  संचालन हुने  कार्यक्रमहरुमा भाग लिँदा इमान्दारी  र सक्रियतापूर्वक  आयोगको मर्यादालाई कायम राख्दै  आयोगको दृष्टिकोणसँग नबाझिने गरी विषयवस्तुको प्रस्तुति वा विषयवस्तु उपर टिप्पणी प्रस्तुत गर्नुपर्दछ ।त्यस्तो कार्यक्रमबाट फर्किए पछि उक्त कार्यक्रमको बारेमा आयोग समक्ष यथाशीघ्र जानकारी गराउनुपर्दछ ।

२.६ इमान्दारिता, गोपनीयता तथा सदाचारिता

क. सदस्यहरुले मानव अधिकारको संरक्षण सम्बर्धनमा आफूलाई सम्माहित गर्दै व्यक्तिगत इमान्दारिता  तथा काम गराइमा उच्च व्यवसायिक स्तर प्रदर्शन गर्नु पर्दछ ।

ख. सदस्यहरुले आयोगको गोपनियतालाई सुनिश्चित गर्ने सम्बन्धमा ध्यान दिनु पर्दछ । आयोगबाट अख्तियार नपाई आफूले कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य कुरा वा कानूनद्वारा निषेधितविषय,आफूले लेखेको वा संकलन गरेको कागजपत्र, समाचार, प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत कर्मचारी कुनै व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुदैन।

ग. सदस्यहरुले मित्रवत काम गर्ने वातावरणको विकास गर्नु पर्दछ ।आफूलाई प्राप्त अनुभव ज्ञान एवम विचारमा साझेदारी अभिवृद्धि गर्दै असल कार्य सम्बन्ध बनाउनु पर्दछ । सदस्यहरुले नैतिक विचारशील र जिम्मेवारीपूर्ण आचरण गर्दै आयोगको उद्देश्य र मर्म अनुकूल हुनेखालका अनुसरणयोग्य व्यवहार प्रदर्शन गर्नुपर्दछ ।

घ. आयोगका कर्मचारीहरुलाई निजहरुको काममा सदैव प्रोत्साहन गर्नुका साथै मित्रवत व्यवहार गर्नु पर्दछ । कर्मचारीरुको धारणा र विचारलाई आवश्यकता र औचित्यको आधारमा उचित सम्मान गर्नु पर्दछ ।

## भाग -३

## ३. व्यवसायिक आचरणहरु

३.१ सदस्यहरुले आयोग भित्र वा वाह्य सरोकारवालाहरुसंगको बैठक सार्वजनिक सुनुवाइ एवम अन्तरक्रिया आदिमा व्यावसायिक आचरण प्रदर्शन गर्नु पर्दछ ।त्यस्तो अवस्थामा पेशागत मर्यादा बाहिरका कुरा अथवा अशिष्ट व्यवहार वा भाषाको प्रयोग गर्न हुँदैन।

३.२ सदस्यहरुले आफ्ना सहकर्मी साथीहरुको विचार वा रायको सधैं सम्मान गर्नु पर्दछ र आफ्ना सहकर्मीहरुलाई सार्वजनिक रुपमा आलोचना गर्न हुँदैन।

३.३ सदस्यहरुले सार्वजनिक रुपमा समेत जवाफदेही हुनुपर्ने हुनाले आफ्ना कामकार्वाहीलाई पारदर्शी बनाउनुपर्ने एवम आचारणलाई मर्यादित र अनुसरणयोग्य बनाउनु पर्दछ।

३.४ सदस्यहरुले आफ्नो पदीय दायित्वको दुरुपयोग गर्ने अथवा पदको गलत फाइदा उठाउने ढंगले आचरण गर्नु हुदैन। विभिन्न निकायहरुबाट प्राप्त हुने स्रोतहरु व्यक्तिगत उद्देश्य प्राप्तिमा प्रयोग गर्ने अथवा कार्यालयको मर्यादालाई अनुचित रुपमा व्यक्तिगत लाभका लागि उपयोग गर्ने जस्ता कुराहरु गर्नु हुदैन ।

३.५ सदस्यहरुले आयोगको बैठक आयोगबाट तोकिएका कार्यहरु एवम आयोगका अन्य क्रियाकलाप तथा गतिविधिका विषयमा हुने छलफलमा सक्दो समय दिनु पर्दछ।

३.६ छलफलको क्रममा कुनै कुरा आफूलाई चित्त नबुझेमा आफ्ना धारणाहरुलाई मर्यादितरुपमा तर्कसंगत ढंगले राख्नु पर्दछ। आयोगको कामकार्वाहीको विषयमा छलफलमा उठेका कुराहरुलाई लिएर व्यक्तिगत आक्षेप लगाउन वा पूर्वाग्रह राख्न वा त्यसको दुष्प्रचार गर्नु हुँदैन ।

३.७ आयोगका अध्यक्ष अथवा सदस्यका सम्बन्धमा कुनै विषयलाई लिएर सार्वजनिक धारणामा नराम्रो असर पर्ने संभावना छ भन्ने कुनै सदस्यलाई जानकारी भएमा त्यसबारेमा सम्बन्धित सदस्यलाई यथाशक्य छिटो जानकारी गराउनु पर्दछ।

३.८ सदस्यहरुले स्वार्थको कारणले सिर्जना हुने द्वन्द्वलाई रोक्नु पर्दछ। कुनै आन्तरिक वा वाह्य कारणवश त्यस्तो द्वन्द्व वा पूर्वाग्रह सृजना हुने खालको वातावरण उत्पन्न भएको आफूलाई लागेमा त्यसलाई रोक्ने तर्फ प्रयत्नशील हुनु पर्दछ। कुनै सदस्यले आफ्नो क्षमता तथा निष्पक्षता र संलग्नतालाई प्रभाव पार्ने खालको अवस्था देखेमा वा आयोगको छविमा हानि हुन सक्ने अवस्था देखेमा आयोगका अध्यक्षलाई सो सम्बन्धमा पूर्व जानकारी गराई आफू पृथक रहनु पर्दछ । साथै परिवारका सदस्य संलग्न भएको वा आफूसँग स्वार्थ जोडिएको कुनै पनि उजुरीको अनुसन्धान तथा निर्णय प्रक्रियमा भाग लिन हुँदैन।

३.९ आयोगको तर्फबाट सार्वजनिक समारोहमा प्रस्तुत हुँदा आयोगको मर्यादामा आँच आउने गरी वा आयोगको नीति विपरीतका कुराहरु व्यक्त गर्नु हुँदैन।

३.१० मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि सधैं प्रतिवद्ध रहनु पर्दछ । आफ्ना निजी व्यवहारमा मानव अधिकारको सम्मानको भावना सधैं प्रतिबिम्बित हुनु पर्दछ । सबैको मर्यादालाई सम्मान गर्ने कसैलाई पनि कुनै आधारमा भेदभाव नगर्ने लगायत मानव अधिकारका उच्च आदर्शको सधैं पालना गर्नु पर्दछ।

३.११ आयोगको सदस्यले आफ्नो सेवा सम्बन्धी कुरामा निजी स्वार्थ पूरा गर्ने मनसायले अन्य सदस्य वा कर्मचारीहरु माथि राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा पार्ने प्रयत्न गर्नु हुदैन ।

३.१२ आयोगको काम कारवाहीमा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि सदस्यले आयोगको पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको सदस्यद्वारा कुनै प्रकारको दान दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न हुँदैन । तर कुनै विदेशी सरकार वा

विदेशी सरकारको प्रतिनिधि वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट कुनै उपहार प्राप्त हुन आएमा आयोगलाई सो को सूचना दिई निकासा भए बमोजिम गर्नु पर्दछ ।

३.१३ आयोगको कुनै पनि सदस्यले कुनै बैंक वा कम्पनीको स्थापना ,रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन ,प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार व्यावसाय गर्नु हुँदैन । तर आयोगको नीति विपरीत नहुने गरी कुनै अनुसन्धान ,साहित्यिक ,बौद्धिक ,वैज्ञानिक वा कलात्मक कार्य गर्नमा कुनै वाधा पर्ने छैन ।

३.१४ आयोगको सदस्यले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुँदैन ।

३.१५ आयोगको सदस्यले कुनै पनि धार्मिक संगठन खोल्न तथा धर्मको प्रचार प्रसार गर्न वा कुनै पनि प्रकारको प्रभाव पार्न हुँदैन।

तर धर्ममा आस्था राख्ने प्रत्येक सदस्यलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्न कुनै रोकावट हुने छैन।

३.१६ आयोगको कुनै सदस्यले नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालत एवम आयोगको आफ्नै निर्णयको अवहेलना हुने गरी विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र साम्प्रदायिक दुर्भावना फैलाउने गरी प्रदर्शन गर्न, हड्तालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

३.१७ आयोगको नीति विपरीत हुने गरी वा आयोग र नेपाल सरकार वा आयोग र नेपाली नागरिकको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्र वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँगको सुसम्बन्धमा खलल पर्न सक्ने गरी कुनै सदस्यले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न ,प्रेसलाई कुनै जानकारी दिन वा विद्युतीय संचार माध्यम तथा सामाजीक संजालबाट कुनै सार्वजनिक अन्तर्वार्ता वा विज्ञप्ति प्रसारित गर्न हुँदैन।

३.१८ आयोगका सदस्यहरुले नियुक्ति पाएको एक महिनाभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण तयार गरी पेश गर्नु पर्नेछ।

**भाग -४**

## ४. सेवा निवृत्ति पछिका आचरणहरु

४.१ पूर्व कार्यालयबाट अनुचित फाईदा लिनु हुँदैन ।

४.२ कार्यालय छोडेपछि पनि गोपनियता सम्बन्धी दायित्वलाई पालन गरी रहनु पर्दछ । कुनै पनि क्रियाकलापले आयोगको मर्यादा र निष्पक्षतामा असर नपरोस भनी सजग रहनु पर्दछ ।

## भाग -५

### ५. विविध

५.१ यस आचारसंहितामा व्यवस्था भएका प्रावधानहरुलाई न्यून गर्ने गरी कुनै संशोधन वा खारेज गरिने छैन । यस आचार संहितामा कुनै संशोधन गर्नुपर्ने भएमा प्रस्तावनाको भावना प्रतिकूल नहुने गरी आयोगले संशोधन गर्न सक्नेछ ।

५.२ यस आचारसंहिताको व्याख्या वा कार्यान्वयनका सम्बन्धमा सदस्यहरुबीच विवाद भएमा प्रस्तावनाको भावनाको विपरीत नहुने गरी आयोगको वैठकबाट विवादको समधान गरिनेछ ।

५.३ आयोगका अध्यक्षले सदस्यहरुबाट यस आचारसंहिताको पालना भए नभएको विषयमा मूल्याङ्कन गरी पालना नभएको पाइएमा सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउनु पर्दछ।

५.४ यो आचारसंहिता राष्ट्रिय मानव अधिकार आयोग ऐन,२०६८,आयोगका नियमावली र कार्यविधिहरुको सहयोगी तथा पूरकको रुपमा रहने छ ।

५.५ यो आचार संहितालाई आयोगको रणनीतिक योजना अनुसार संचार माध्यममा स्थान दिइने छ र सरोकारवालाहरुको जानकारीका लागि वेवसाइटमा समेत राखिने छ।

५.६ आयोगबाट मिति २०६०।१२।१८ मा जारी भएको आयोगका सदस्यहरुको आचारसंहिता २०६० खारेज गरिएको छ।

| | | | | |
|---|---|---|---|---|
| **सदस्य** | **सदस्य** | **सदस्य** | **सदस्य** | **अध्यक्ष** |